# स्थानीय राजपत्र

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ३) तीनपिप्ले, लमजुङ, २०७८ साल फागुन १५ गते (संख्या १२)

## भाग १

## महिला सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना** : राइनास नगरपालिकालाई महिलामैत्री नगरपालिकाको रुपमा स्थापित गराउन महिला सशक्तीकरण र सबलीकरण गर्नुपर्छ। जवसम्म महिलाहरू आर्थिक रुपमा सवल र सक्षम हुदैनन् तव सम्म सामाजिक न्याय कायम हुन सक्दैनन् भन्ने कुरालाई ध्यानमा राखेर महिला सशक्तीकरण कार्यक्रम सन्चालन गर्न लागिएको हो। यो कार्यक्रमले राइनास नगरपालिका भित्र भएका महिलाहरूको क्षमता अभिबृद्धि

गरेर उद्यमशीलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मूलन आदि कार्यहरू गराउनको लागि वर्तमान नेपालको संविधान र  स्थानीय सरकार संचालन ऐन, २०७४ अर्न्तगत प्रस्तुत "महिला सशक्तीकरण कार्यक्रम संचालन कार्यबिधि, २०७८" नगरसभाबाट पारित गरी जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "महिला सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

१. "कार्यक्रम" भन्नाले महिला सशक्तीकरण कार्यक्रम सम्झनु पर्दछ।
२. "कार्यपालिका" भन्नाले राइनास नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।
३. "प्रमुख" भन्नाले राइनास नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।
४. "उप प्रमुख" भन्नाले राइनास नगरपालिकाका उप प्रमुखलाई सम्झनु पर्दछ।
५. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासनको प्रमुख भै काम गर्ने अधिकृतलाई सम्झनु पर्दछ।
६. "कार्यबिधि" भन्नाले महिला सशक्तीकरण कार्यक्रम संचालन कार्यबिधि २०७८ लाई सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्य** :

१. राइनास नगरपालिकालाई महिलामैत्री नगरपालिका बनाउने।
२. लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरूका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने।
३. महिलाहरूको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने।
४. महिला तथा बालबालिकाहरूको सर्वाङ्गिण विकास मार्फत जीवनमा सकारात्मक परिर्वतन ल्याउने।

४. **कार्यक्रमको क्षेत्र**

१. प्रस्तावनाको उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन् ।

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धि कार्यक्रम

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम

(घ) पारिवार स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम

(ङ) लागुऔषध नियन्त्रण कार्यक्रम

(च) कानुनी सचेतना कार्यक्रम

(छ) एकल महिलाको सम्पत्ति अधिकार

(ज) वालवालिका तथा जेष्ठ नागरिकहरूको संरक्षण तथा सर्म्वदन गर्ने कार्यक्कमहरू

(झ) बैबाहिक महिलाको नागरिकता, नाबालकको जन्म दर्ता सम्वन्धी अधिकारको वकालत एवं बहस पैरवी सम्बन्धी कार्यक्रम

(ञ) महिलाको आर्थिक आयआर्जनसंग प्रत्यक्ष सहयोग पुऱ्याउने र उद्यमशीलताको विकास गर्ने सीपमुलक कार्यक्रमहरू

५. **कार्यक्रमका रणनीति**

(क) क्षेत्रगत कार्यक्रममा महिलाका अधिकारलाई आन्तरिकीकरण गर्ने

(ख) प्रभावित महिला, वाललालिकालाई नियमित सेवा दिने

(ग) अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण

६. **सञ्चालक समिति गठन सम्वन्धी ब्यवस्था** :

६.१. कार्यक्रम संचालनका लागि देहाय बमोजिम ९ सदस्यीय संचालक समिति रहनेछ ।

अध्यक्ष : उप प्रमुख,

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : सामाजिक विकास समितिको संयोजक

सदस्य : कार्यपालिकाले मनोनयन गरेका ३ जना सदस्य (कम्तिमा २ जना महिला सदस्य)

सदस्य : अध्यक्षले तोकेको नगरको उद्यमशीलता क्षेत्रमा काम गरेका नगरका एक जना महिला

सदस्य सचिवः महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

६.२. समितिको वैठकमा विज्ञ व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

६.३. संचालक समितिको कार्य जिम्मेवारी :

१. कार्यक्रम संचालन सम्वन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने।

२. सीप विकास/महिला उद्यमशीलताका कार्यक्रमहरू संचालन नियमन तथा अनुगमन गर्ने।

३. कार्यक्कमको उद्देश्य अनुरुप काम गर्ने।

४. वडास्तरबाट उद्यमशीलता विकास, रोजगारी सिर्जना र महिला सशक्तीकरण गर्न सीप तथा क्षमता अभिबृद्धि सम्वन्धी तालिमको लगत संकलन गर्ने।

५. उप-प्रमुखसँग महिला सशक्तीकरण कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरू गरिने छ।

५.१. खेलकुद, निर्माण, कृषि, व्यवसायिक र घरेलु कामहरूलाई लक्षित उद्यमशीलता, रोजगारमुलक सीप विकास तथा क्षमता अभिबृद्धि तालिम।

५.२. स्थानीय महिला समूहहरूको सक्रियतामा स्थानीयस्तरका कृषिजन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरू।

५.३. राइनास नगरपालिका क्षेत्र भित्रका महिला लक्षित

कार्यक्रमहरू ।

५.४. कार्यक्रमको उपलब्धी एवं चुनौतीहरू समावेश भएको प्रतिवेदन प्रत्येक महिनाको कार्यपालिका बैठकमा पेश गर्ने ।

६. कार्यक्रम छनोट तथा कार्यान्वयन :

६.१. 'महिलासँग उप-प्रमुख कार्यक्रम' सञ्चालक समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

६.२. महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँग समन्वय गरी कार्यक्रमहरू संचालन गर्नेछ ।

६.३. वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडि वढाउन स्वीकृति दिन सक्ने छ । कार्यक्रमको प्रभावकारीताको अनुगमन महिला सशक्तीकरण कार्यक्रम संचालन समितिले गर्नेछ ।

६.४. संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृति गराएर महिला उद्यमशीलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।

६.५. विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिने । (एकल, हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला) ।

७. **वैठक सम्वन्धी ब्यवस्था** :

७.१. समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक बस्ने छ । तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन ।

८. **कोष सम्वन्धी ब्यवस्था** :

८.१ कार्यक्रम संचालनको लागि आवश्यक वजेटको व्यवस्थापन नगरसभाले गर्नेछ ।

८.२ कार्यक्रम सञ्चालन नगरपालिकाको प्रचलित आर्थिक प्रशासन एवं सार्वजनिक खरिद कानून अनुसार हुनेछ ।

८.३ कार्यक्रम सञ्चालक समितिले पचास हजार भन्दा कम रकमको बजेट विनियोजन गर्न पाउने छैन । वितरणात्मक भन्दा उद्यमशीलता प्रवर्द्धन, आय आर्जन र रोजगारी सिर्जनालाई प्राथमिकता दिनुपर्नेछ ।

९. **विविध :**

कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

९.१ ब्याख्या गर्ने अधिकार : कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयन सम्वन्धमा कुनै दुविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

९.२ संसोधन सम्वन्धी ब्यवस्था : कार्यविधिको कुनै ब्यवस्था संसोधन गर्नु परेमा नगर सभाले गर्नेछ ।

९.३ वाधा अड्काउ सम्वन्धीः कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयनका सम्वन्धमा वाधा अड्काउ परेमा सो को ब्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

९.४ निर्देशन दिन सक्ने :कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक उपसमितिहरू गठन गरि कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ ।

आज्ञाले,
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत